प्रति साधारण शेयर रु.१००/- अंकित दरको ९६,३१,२२०.२२ कित्ता साधारण शेयरहरुको हकप्रद शेयर निष्काशन

हाल कायम चुक्ता पूँजी रु.१,५३,९५,३५,९५८/९७ को दश शेयर बराबर ६.२५६ शेयर (१० : ६.२५६)(अर्थात विद्यमान १० कित्ता साधारणशेयर बराबर नयाँ ६.२५६ कित्ता साधारण शेयर)को अनुपातमा साविक शेयरधनीहरुको लागि रु.९६,३१,२२,०२२/- (अक्षरेपी छ्यानब्बे करोड एकत्तिस लाख बाइस हजार बाइस)बराबरको प्रति शेयर १००/–अंकित दरका ९६,३१,२२०.२२(अक्षरेपी छ्यानब्बे लाख एकत्तिस हजार दुई सय बिस दशमलब बाइस) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

नोटः एनएलजी इन्स्योरेन्स कम्पनी लि.को मिति २०८०।०४।१५ मा बसेको विशेष साधारण सभाबाट कायम रहेको चुक्ता पूँजी रु.१,४५,९२,७५,७९०/५० को १० शेयर बराबर ६.६ शेयर (६६ प्रतिशत)ले हुन आउने रु.९६,३१,२२,०२२/- रकम बराबरको रु. १०० अंकित दरका ९६,३१,२२०.२२ कित्ता हकप्रद शेयर जारी गर्न विशेष प्रस्ताव पारित भएकोमा कम्पनीको मिति २०८०।११।०३ गते सम्पन्न १८औं वार्षिक साधारण सभाबाट कायम रहेको चुक्ता पूँजी रु.१,४५,९२,७५,७९०/५० को ५.५० प्रतिशत बोनस शेयर पारित भई चुक्ता पूँजी रु.१,५३,९५,३५,९५८/९७ कायम भइसकेको हुँदा श्री नेपाल बीमा प्राधिकरणबाट कुल चुक्ता पूँजीको ६२.५६ प्रतिशत अर्थात् रु.९६,३१,२२,०२२/- बराबरको १०० अंकित दरका ९६,३१,२२०.२२ कित्ता हकप्रद शेयर निष्काशन गर्न स्वीकृत प्राप्त भएको छ । यस सम्बन्धमा कम्पनीको मिति २०८१।०७।०७ गते सम्पन्न भएको विशेष साधारण सभाबाट अनुमोदन गरिएको छ ।

दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बीमा ऐन, २०७९ बमोजिम कामकारोबार गर्ने

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
NLG INSURANCE COMPANY LIMITED

रजिष्टर्ड कार्यालयः पानीपोखरी ,लाजिम्पाट, पो.ब.नं.२०६०० काठमाडौं, नेपाल ।
फोन :४४४२६४६ , ४००६६४८ फ्याक्स: ९७७-०१-४४१६४२७
E-mail-info@nlgi.com.np |Web: www.nlg.com.np

को

१० कित्ता शेयर बराबर नयाँ ६.२५६ कित्ता शेयरको
हकप्रद शेयर निष्काशन बारेको सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति : २०८१/०८/११ गते
निष्काशन बन्द मिति : २०८१/०९/०१ गते (बैकिङ्ग समय पश्चात्) सम्म

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" पढी आफ्नो स्वःविवेकले दरखास्त दिएको हो ।

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड (ICRA Nepal Ltd.) डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०२३ अक्टोबर १९ गते "[ICRANP-IR] A-" प्रमाणपत्र प्राप्त गरेको छ । उक्त रेटिङ्गले adequate degree या safety regarding timely servicing या financial obligations भन्ने जनाउंदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँदछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यस सम्बन्धि विवरण विवरण पत्रको दफा ग.२२ (ट) पृष्ठ ३३ मा उल्लेखि गरिएको छ ।
क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०२३/१०/१९ (२०८०।०७।०२) क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : अर्को मूल्यांकन (फिर्ता/परिवर्तन) नहुँदा सम्मको लागी लागु हुने ।

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,५३,९५,३५,९५८/९७ को दश शेयर बराबर नयाँ ६.२५६ शेयर (१०:६.२५६) को अनुपातमा रु. १०० अंकित दरका ९६,३१,२२०.२२ हकप्रद साधारण शेयर मिति २०८१/०७/२७ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

'हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु'

श्री नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८१/०६/१४ | श्री नेपाल बिमा प्राधिकरणबाट स्वीकृत भएको मिति : २०८१/०७/१४

१) संगठित संस्थाको नाम :
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड (NLG INSURANCE COMPANY LIMITED)

२) संगठित संस्थाको रजिष्टर्ड कार्यालयः
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. बडा नं.३, पानीपोखरी, लाजिम्पाट,काठमाडौंमा रहेको छ ।

३) कारोबार स्थान :
यस कम्पनीको कारोबार गर्ने स्थान काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.३ , पानीपोखरी , लाजिम्पाट, काठमाडौंमा रहेको छ । यस कम्पनीले नेपाल बीमा प्राधिकरणले स्वीकृत गरे अनुसार नेपाल भित्र मिति २०८० कात्तिक ०२ गतेसम्म देहायका स्थानहरुबाट आफ्नो कारोबार सञ्चालन गर्दै आएको छः

क)	केन्द्रीय कार्यालय	कार्यालय रहेको स्थान	प्रदेश नं.	जिल्ला
१.	काठमाण्डौ	पानीपोखरी, लाजिम्पाट, काठमाण्डौ	३	काठमाण्डौ
ख)	प्रादेशिक कार्यालय	शाखा कार्यालय	उप शाखा कार्यालय	एक्सटेन्सन कार्यालय
	कोशी प्रदेश कार्यालय, विराटनगर	बिर्तामोड शाखा कार्यालय	फिदिम उप शाखा कार्यालय	
		धरान शाखा कार्यालय	रंगेली उप शाखा कार्यालय	
		इटहरी शाखा कार्यालय	पठारी उप शाखा कार्यालय	
		दमक शाखा कार्यालय	विराटचोक उप शाखा कार्यालय	
			धनकुटा उप शाखा कार्यालय	
			काकडभिट्टा उप शाखा कार्यालय	
			गाइघाट उप शाखा कार्यालय	
	मधेश प्रदेश कार्यालय, वीरगञ्ज	जनकपुर शाखा कार्यालय	राजविराज उप शाखा कार्यालय	
			सर्लाहि उप शाखा कार्यालय	
			लहान उप शाखा कार्यालय	
			चन्द्रनिगाहपुर उप शाखा कार्यालय	
			सिमारा उप शाखा कार्यालय	
			कलैया उप शाखा कार्यालय	
			मिर्चैया उप शाखा कार्यालय	
			बर्दिवास उप शाखा कार्यालय	
	गण्डकी प्रदेश कार्यालय, पोखरा	लुम्जुंग शाखा कार्यालय	बागलुङ्ग उप शाखा कार्यालय	
			गोर्खा उप शाखा कार्यालय	
			दुलेगाउडा उप शाखा कार्यालय	
			वालिङ्ग उप शाखा कार्यालय	
			कावासोटी उप शाखा कार्यालय	
			हेम्जा उप शाखा कार्यालय	
			लेखनाथ उप शाखा कार्यालय	
			दमौली उप शाखा कार्यालय	
			लेकसाइड उप शाखा कार्यालय	
			कुश्मा उप शाखा कार्यालय	
			बेनी उप शाखा कार्यालय	
	लुम्बीनी प्रदेश कार्यालय, बुट्वल	भइरहवहा शाखा कार्यालय	बर्दिया उप शाखा कार्यालय	
		नेपालगञ्ज शाखा कार्यालय	चन्द्रउटा उप शाखा कार्यालय	
		दाङ्ग शाखा कार्यालय	सुनवल उप शाखा कार्यालय	भलुवाङ्ग टी पी कार्यालय
			तान्सेन उप शाखा कार्यालय	
			तुल्सीपुर उप शाखा कार्यालय	
			कोहलपुर उप शाखा कार्यालय	
	कर्नाली प्रदेश कार्यालय, सुर्खेत	सलयान शाखा कार्यालय	दैलेख उप शाखा कार्यालय	
			चन्दनाथान उप शाखा कार्यालय	
			डोल्पा उप शाखा कार्यालय	
			पशीम उप शाखा कार्यालय	
	सुधिर पश्चिम प्रदेश कार्यालय, धनगडी		महेन्द्रनगर उप शाखा कार्यालय	
			टीकापुर उप शाखा कार्यालय	
			डडेलधुरा उप शाखा कार्यालय	
			अत्तरीया उप शाखा कार्यालय	
			फलारी उप शाखा कार्यालय	
			सुखड उप शाखा कार्यालय	
ग)	क्षेत्रिय कार्यालय	शाखा कार्यालय	उप शाखा कार्यालय	एक्सटेन्सन कार्यालय
	ललितपुर क्षेत्रिय कार्यालय, ललितपुर		बनेपा उप शाखा कार्यालय	
			भक्तपुर उप शाखा कार्यालय	
			ग्वार्को उप शाखा कार्यालय	
			एकान्तकुना उप शाखा कार्यालय	
			मन्थली उप शाखा कार्यालय	लगनखेल कार्यालय
	न्यु बानेश्वर क्षेत्रिय कार्यालय, बानेश्वर	कलंकी शाखा कार्यालय	बौध्द उप शाखा कार्यालय	
			गोंगबु उप शाखा कार्यालय	
			धाडिङ्ग उप शाखा कार्यालय	
			बत्तर उप शाखा कार्यालय	टिमुरे एक्स्टेन्सन कार्यालय
			दरबार मार्ग उप शाखा कार्यालय	
		नारायणगढ शाखा कार्यालय	पालुङ्ग उप शाखा कार्यालय	
		हेटौडा शाखा कार्यालय	मनहरी उप शाखा कार्यालय	
			पर्सा उप शाखा कार्यालय	

४) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

१. एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको संक्षिप्त परिचय :
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम २०६१/११/१९गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस कम्पनीले नेपाल बीमा प्राधिकरणबाट बीमा ऐन २०७९ अनुसार २०६२/०६/२३ गते बीमकको हैसियतले कार्य गर्न स्वीकृति प्राप्त गरी मिति २०६२/१२/२१ देखी आफ्नो कारोबार गरिरहेको छ । साथै यस एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट समेत "क" बर्गको कम्पनीको रुपमा बर्गिकृत भएको छ । यस एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडका संस्थापकहरुमा अग्रणी जीवन बीमा कम्पनी, व्यवसायी, उद्योगपति, बिमा क्षेत्रमा अनुभव प्राप्त व्यक्तिहरु र समाजसेवीमा संलग्नता रहेको छ । यस कम्पनीले प्रारम्भिक निष्काशन मिति १६।१२।२०६९ मा गरेको थियो ।

२. एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको उद्देश्य :
कम्पनीका मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ ।
(क) हरेक किसिमको जमानी तथा क्षतिपूर्ति समेत समावेश भएको निर्जीवन बीमा सम्बन्धी व्यवसाय गर्ने ।
(ख) आगलागीबाट हुने खतरा, हानी तथा सम्पत्तिको नोक्सानीको सम्बन्धमा बीमा तथा पुनर्बीमाको काम गर्ने ।
(ग) यातायातको सम्बन्धमा यातायात साधनको बीमा, स्थल मार्ग, बायू मार्ग एंव जल मार्ग यात्रुहरुको सम्बन्धमा मालसामान, व्यापारिक सामान समेतको बीमा तथा पुनर्बीमाको काम गर्ने ।
(घ) प्रत्येक किसिमको दुर्घटना बीमा अर्न्तगत व्यक्ति विशेषमा ज्यान मै खतरा वा शरीरका कुनै खास भागमा भएको वा हुने हानी नोक्सानी, शारीरिक वा मानसिक आघातका सम्बन्धमा बीमा वा पुनर्बीमाको काम गर्ने गराउने ।
(ङ) कुनै किसिमको हुलदंगाबाट हुने खतरा समेतको लागि बीमा गर्ने गराउने ।
(च) चोरी डाँका ठगी हुलदंगा वा घर फोडि सम्पत्तिको हानि नोक्सानी विरुद्धमा बीमा गर्ने तथा त्यस सम्बन्धमा संरक्षणको व्यवस्था गर्ने, गराउने ।
(छ) मालिक तथा कामदारको हित रक्षार्थ, धोखा, विश्वासघात तथा दुराचारबाट हुने क्षतिबाट बचाउन तथा क्षति हुन गएमा क्षतिपूर्ति गर्ने सम्बन्धमा बीमा गर्ने गराउने ।

५) शेयर पूँजीको संरचना:

क) अधिकृत पूँजीः यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००/- (अक्षरेपी तीन अर्ब) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ३,००,००,००० (तीन करोड) थान शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजीः कम्पनीको जारी शेयर पूँजी रु. २,५०,२६,५७,९८२ (अक्षरेपी दुई अर्ब पचास करोड छब्बीस लाख सन्ताउन्न हजार नौ सय बयासी रुपैंया) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- दर २,५०,२६,५७९/८२ (दुई करोड पचास लाख छब्बीस हजार पाँच सय उनासी दशमलव बयासी) थान शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजीः कम्पनीको मिति २०८०/११/०३ गते सम्पन्न १८औं वार्षिक साधारण सभाबाट कायम रहेको चुक्ता पूँजी रु१,४५,९२,७५,७९०/५० मा ५.५ प्रतिशत बोनस शेयर पारित भई वितरण पश्चात कायम भएको चुक्ता पूँजी रु.१,५३,९५,३५,९५८/९७ को ६२.५६ प्रतिशत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. २,५०,२६,५७,९८२ (अक्षरेपी दुई अर्ब पचास करोड छब्बीस लाख सन्ताउन्न हजार नौ सय बयासी रुपैंया) हुनेछ ।

६) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूंजीको संरचना :

शेयरको हकप्रद निष्काशन गर्नु पूर्वको चुक्ता पूँजीको संरचना

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक	७८,५१,६३४/११	५१	७८,५१,६३,४११	सत प्रतिशत
ख	सर्वसाधारण (कर्मचारीहरु समेत)	७५,४३,७२६/८९	४९	७५,४३,७२,६८९	सत प्रतिशत
	जम्मा	१,५३,९५,३६१	१००	१,५३,९५,३६,१००	सत प्रतिशत

हकप्रद शेयर निष्काशन गरी बांडफांड गरे पश्चात् हुने चुक्ता पूंजीको संरचना

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक	१,२७,६३,५५५/७१	५१	१,२७,६३,५५,५७०/९२	सत प्रतिशत
ख	सर्वसाधारण (कर्मचारीहरु समेत)	१,२२,६३,०२४/११	४९	१,२२,६३,०२,४११/१८	सत प्रतिशत
		२,५०,२६,५७९/८२	१००	२,५०,२६,५७,९८२	सत प्रतिशत

७) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवः
कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु रहनु भएको छ ।

बहालवाला संचालकहरुको विवरण :

सि.नं.	सञ्चालकको नाम, ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार	अन्य क्षेत्रका अनुभव
१.	श्री बिमल प्रसाद वाग्ले, चाबहिल, काठमाण्डौं ।	अध्यक्ष	६६	नेपाली	१५२	एम.डि.एस, एम.बि.ए.	एनएलजी इन्स्योरेन्स कम्पनी लि. को अध्यक्ष पदमा वि.सं. २०७३ साल मंसिर देखि हाल सम्म	नेपाल सरकारको विभिन्न ओहोदामा रही सचिव पदसम्मको ३७ वर्ष लामो सेवाको अनुभव, विभिन्न सरकारी निकायहरु तथा संस्थानहरुको संचालक समितिको अध्यक्ष एवं सदस्य रहीकार्यकोअनुभव, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तालिम, सेमिनार तथा कार्यगोष्ठिमा मुख्यतः प्रशासनिक, अर्थ तथा विकास, सुशासन, वित्तिय क्षेत्रको सुधार, सर कारी संस्थानहरुको निजीकरण सम्बन्धि विभिन्न तालिमहरुमा सहभागी भएको अनुभव, नेपाल सरकार, सार्वजनिक संस्थान दिर्नेशन बोर्डको कार्यकारी अध्यक्ष समेतको कार्य गर्नु भएको अनुभव ।
२.	श्री भरत ब. बस्नेत, कुपण्डोल, ललितपुर ।	सञ्चालक	६६	नेपाली	१५३	एफ.सि.ए.	एनएलजी इन्स्योरेन्स कम्पनी लि. को संचालक पदमा वि .सं. २०७३ साल मंसिर देखि हाल सम्म, श्री नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लि. मा वि.सं. २०४४ सालमा प्रबन्धक तहमा नियुक्त भई विभिन्न ओहोदामा बढुवा भई उक्त संस्थाको प्रमुख कार्यकारी पदमा रही कार्य गरिसक्नु भएको अनुभव ।	
३.	श्री सुरेश प्रसाद खत्री, विशाल नगर, काठमाण्डौ ।	सञ्चालक	५०	नेपाली	१४२	एम बि.ए.	एनएलजी इन्स्योरेन्स कम्पनी लि. को संचालक पदमा वि .सं. २०७३ साल मंसिर देखि हाल सम्म,श्री नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लि. मा विगत २८ वर्ष भन्दा बढी विभिन्न ओहदा रही कार्यको अनुभव तथा हाल उक्त संस्थाको नायव प्रमुख कार्यकारी अधिकृतबाट हाल उक्त संस्थाको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत ।	विभिन्न संस्थाहरुमा संचालक समितिको सचिवको रुपमा कार्यरत रहनु भएको अनुभव ।
४.	डा. भरत कुमार थापा, कपन, काठमाण्डौ ।	सञ्चालक	६२	नेपाली	३३४	पि.एच.डि. (इकोनोमिक्स)	एनएलजी इन्स्योरेन्स कम्पनी लि. को संचालक पदमा वि .सं. २०७७ साल मंसिर देखि हाल सम्म	श्री नेपाल कोअपरेटिभ सोसाइटी लि., काठमाण्डौंमा नायव महाप्रबन्धक तथा महाप्रबन्धकको रुपमा वि.सं. २०५४ साल देखि वि.सं. २०५५ सालसम्म कार्य अनुभव, श्री नेपाल विकास बैंक लि. मा विभागीय प्रमुखको रुपमा वि.सं. २०५५ साल देखि वि.सं. २०६२ सालसम्म विभिन्न जिम्मेवारी सहित कार्य अनुभव, श्री प्रभु वित्तिय संस्था लि. मा प्रमुख कार्यकारी अधिकृतको रुपमा वि.सं. २०६२ साल देखि वि.सं. २०६३ सम्मको कार्य अनुभव, श्री पोखरा फाइनान्स लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा वि.सं. २०६४ साल देखि २०६६ साल सम्मको कार्य अनुभव, श्री नेपाल एक्सप्रेस फाइनान्स लि. मा नायव महाप्रबन्धकको रुपमा वि.सं. २०६७ साल देखि वि.सं. २०७३ साल सम्मको कार्य अनुभव, विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तालिम, सेमिनार तथा कार्य गोष्ठिमा सहभागी भएको अनुभव, पूँजी बजारमा समेत २० वर्ष भन्दा बढीको अनुभव
५.	श्री शालिनी राणा शाह जावलाखेल, ललितपुर	सञ्चालक	३४	नेपाली	३,९३१	मास्टर अफ साइन्स विथ कमन्डेशन	एनएलजी इन्स्योरेन्स कम्पनी लि. को संचालक पदमा वि .सं. २०७७ साल मंसिर देखि हाल सम्म	ग्लामविष्क प्रा. लि.स मेक अप ब्राण्ड, नेक्स्ट इन्टरटेण्टमेण्ट प्रा.लि.स कार्यक्रम संयोजक तथा चिल्ड्रेन अफ ड माउण्टेन लगायत विभिन्न गैरतथा गैर नाफामुलक संस्थाहरुमा संलग्न, विभिन्न निजीसंस्थाहरुमा प्रमुख कार्यकारी अधिकृत तथा संचालक सदस्यको रुपमा अनुभव

नोटः स्वतन्त्र सञ्चालक श्री लक्ष्मी प्रपन्न निरौलाले मिति २०८१।०४।२१ मा राजीनामा दिनुभएको छ । सोही कारणले स्वतन्त्र सञ्चालक पद रिक्त छ । सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ र कम्पनी ऐन २०६३ मा रहेको संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना भएको उद्घोषण गर्दछौं ।

प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :

नाम	शैक्षिक योग्यता/अनुभव (सम्बन्धित वा अन्यँ)	पद	ठेगाना
श्री सुनिल बल्लभ पन्त	स्नातक, १. एनएलजी इन्स्योरेन्स कम्पनि लिमिटेड वि.सं. २०७५ देखि हाल सम्म पद - प्रमुख कार्यकारी अधिकृत, वि.सं. २०७३ देखि वि.सं. २०७५पद - उप-महाप्रबन्धक, वि.सं. २०७१ देखि वि.सं. २०७३पद - सहायक महाप्रबन्धक, वि.सं. २०६९ देखि वि.सं. २०७१पद - क्षेत्रिय प्रबन्धक, वि.सं. २०६७ देखि वि.सं. २०६९ पद - नायब क्षेत्रिय प्रबन्धक, वि.सं. २०६५ देखि वि.सं. २०६६पद - सहायक क्षेत्रिय प्रबन्धक, वि.सं. २०६१ देखि वि.सं. २०६५पद - शाखा प्रबन्धक २. नेशनल लाइफ एण्ड जेनरल इन्स्योरेन्स कम्पनि लिमिटेड वि.सं. २०६० देखि वि.सं. २०६१ पद - शाखा प्रबन्धक बीमा व्यवसायमा बि.सं. २०४६ साल देखि हाल सम्म ३० वर्ष लामो अनुभव ।	प्रमुख कार्यकारी अधिकृत	ज्ञानेश्वर, काठमाडौं

८) हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :
(क) कम्पनीको आर्थिक क्षमता अभिबृद्धि गर्न आवश्यक भएकोले कम्पनीले (१० : ६.२५६) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पूंजी संकलन गर्न ।
(ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।
(ग) कम्पनीको सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा बीमा क्षेत्र सम्बन्धि गतिविधिहरुलाई विस्तार गरी देशको बीमा क्षेत्रको विकासमा योगदान पुऱ्याउन ।
(घ) कम्पनीको शाखा संजाल विस्तार गरी व्यवसाय बृद्धि गर्न तथा बृद्धि भएको बीमा शुल्कको आधारमा आफ्नो खुद जोखिम धारण क्षमता (Net retain Risk) बृद्धि गर्न ।

निष्काशनबाट प्राप्तहुने कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

शीर्षक	अनुमानित रकम (रु.)
सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटीमा	-
पब्लिक कम्पनीको साधारण शेयरमा	१३,०००,०००।००
बैंक/वित्तीय संस्था र कम्पनीको अग्राधिकार शेयर डिबेन्चर बण्डमा	७०,०००,०००।००
वाणिज्य बैंक को Fixed Deposit लगानी	७३७,१२२,०२२।००
विकास बैंक को Fixed Deposit लगानी	९५,०००,०००।००
फाइनान्स कम्पनी को Fixed Deposit लगानी	२५,०००,०००।००
नयाँ शाखा संजाल स्थापना	१०,०००,०००।००
विद्यमान शाखाहरुको स्तरोन्नती	१०,०००,०००।००
केन्द्रीय कार्यालयको स्तरोन्नती र भौतिक सम्पत्ति	३,०००,०००।००
जम्मा	९६३,१२२,०२२।००

९) संचालक समितिको बनौट :
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको नियमावलीको नियम १२ (ख) मा भएको व्यवस्था अनुसार निम्न बमोजिम संचालक रहने गरी एक सञ्चालक समितिको व्यवस्था गरिएको छ । सञ्चालक समितिमा नियुक्तहुनको लागि एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ । यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन । तर, संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक तथा व्यावसायिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।
संचालक समितिमा संचालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

संस्थापक समूह "क" वर्गका शेयरधनीहरुको तर्फबाट	३
सर्वसाधारण समूह"ख"वर्गका शेयरधनीहरुको तर्फबाट	२
स्वतन्त्र सञ्चालक	१
जम्मा	६ जना

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ । पदावधि समाप्त भई सञ्चालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति सञ्चालकको पदमा पुनः नियुक्त हुन सक्ने छ ।

१०) निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपातः
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडले हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्दाको मितिमा कायम शेयर धनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन् । सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम शेयरका १० : ६.२५६ को अनुपातमा (विद्यमान १० कित्ता शेयर बराबर नयाँ ६.२५६कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले भुक्तानी माग गर्ने गरी रु. रु.९६,३१,२२,०२२/- शेयर पूँजी बराबर प्रति शेयर रु.१००।– अंकित दरका ९६,३१,२२०.२२ कित्ता शेयरहरुको हकप्रद निष्काशन गरिएको छ ।

११) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः
कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले आवेदन गर्ने साधारण शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबर को एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्तसाथ संलग्न भएको हुनुपर्नेछ ।

१२) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्न सम्बन्धी व्यवस्थाः
साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिइ शेयरहरु बांकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाडँफाडँ निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोकेबमोजिम अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१३) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडले यस हकप्रद निष्काशन प्रयोजनका निम्ति आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिमा कायम शेयर धनीहरुले शेयर खरिद गर्दा आफ्नो नाममा कायम शेयरको १० : ६.२५६ को अनुपातमा (विद्यमान १० कित्ता शेयर बराबर नयाँ ६.२५६ कित्ता शेयर) हुन आउने शेयर संख्याको लागि आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयर लाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सकिनेछ । साथै शेयरधनीहरुले आफूले हकप्रद आधारमा माथि उल्लेखित खरिद/दर खास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन् ।

१४) कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थः

वासलात — रकम रु. (हजारमा)

विवरण	वास्तविक आ.व.२०७७/७८	वास्तविक आ.व.२०७८/७९	वास्तविक आ.व.२०७९/८०	अपरिष्कृत आ.व. २०८०/८१	प्रक्षेपित आ.व.२०८१/८२	प्रक्षेपित आ.व.२०८२/८३	प्रक्षेपित आ.व.२०८३/८४
सम्पत्ति							
अदृष्य सम्पत्ति	८४४	७२३	१,०७८	१,०७८	६९०	५५२	४४१
सम्पत्ति, मेशिन र उपकरण	२०,६५३	३६,३०६	९७,९२०	१०२,३७०	२१,९१३	१७,५३१	१४,०२४
लगानी सम्पत्ति	-	-	-	-	-	-	-
स्थगन कर सम्पत्ति	४०,३५७	३८,७९८	६६,४८३	७०,४७८	-	-	-
सहायक कम्पनिहरुमा लगानी	-	-	-	-	-	-	-
सम्बन्ध कम्पनीमा लगानी	-	-	-	-	-	-	-
लगानी	२,५६५,१६९	२,३९७,००९	२,४७३,४९७	३,०१८,२२५	४,६३४,१९४	५,५६१,०३३	६,६७३,२४०
कर्जा	१७,२७९	२०,२७२	२१,२२०	१६,०२८	२३,५२४	२४,७००	२५,९३५
पुनर्बीमा सम्पत्ति	१,४६९,२८१	१,८२१,७६५	१,५३१,५००	१,५१६,२२४	५०२,४५६	५५२,७०१	६०७,९७१
चालु कर सम्पत्ति	१७३,८५३	२०७,३४१	१६६,३८८	८०,५८८	३२५,०७७	३५७,५८४	३९३,३४३
बीमकबाट प्राप्त हुन बाँकी	२७८,५०९	६२४,१३६	७१७,२४९	६९१,२१२	१,०३३,३०९	१,१३६,६४०	१,२५०,३०४
अन्य सम्पत्ति	३४८,४९४	३८६,६४१	४३०,६७२	४७६,०५६	३०४,२९६	३३४,७२६	३६८,१९९
अन्य वित्तीय सम्पत्ति	११६,०९१	११७,३०२	१२६,७४१	२०,०५२	४०,९१३	४७,०५०	५४,१०८
नगद र नगद समान	३२६,९७४	१७५,८२२	२०४,८१५	१०४,८७०	२९४,५१६	३१२,७३०	३४७,३०१
कुल सम्पत्ति	**५,३५७,५०६**	**५,८२५,११५**	**५,८३७,५७४**	**६,०९७,१८२**	**७,१८०,८८८**	**८,३४५,२४८**	**९,७३४,८६६**
दायित्व र शेयरधनीको कोष							
शेयरधनीको कोष							
शेयर पूँजी	१,०९६,३७६	१,३२६,६१४	१,४५९,२७६	१,५३९,५३६	२,५०२,६५८	२,५०२,६५८	२,५०२,६५८
बाँडफाँड गरेपछि बाँकी रहेको आवेदन रकम	-	-					
शेयर प्रिमियम	४६,७६२	४६,७६२					
बीमा कोष	१,०२५,०३१	१,१४९,६२३	१,२४३,६६७	१,३७०,३६५	१,६५०,७२०	१,९१०,२००	२,२२०,३१०
महा विपत्ति जगेडा	५१,२३९	६२,५०९	७१,८३३	८४,५०३	११२,६१९	१३८,५६७	१६७,३४०
सञ्चित कोष	२५६,१९४	११३,७९१	१००,५७५	१२७,८१३	३००,६९०	३०६,९८३	३३३,८५२
अन्य जगेडा	१२९,८६५	१०२,६२२	११२,२०३	१४७,४९२	१०६,८५०	११२,०३९	११८,२४२
कुल शेयरधनी कोष	**२,६०५,४६६**	**२,८०१,९२१**	**२,९८७,५५४**	**३,२६९,७०९**	**४,६७३,५३६**	**४,९७२,४४८**	**५,३४२,४०२**
दायित्व							
व्यवस्थाहरु	११४,२२६	११४,१८८	१२६,२३७	१६२,३९९	४७६,२४४	५७१,४९३	६८५,७९२
बीमा करार दायित्व	२,२१०,३१४	२,४९५,००८	२,१३६,३६०	२,११५,०५१	१,६९३,०५२	२,४१५,०५८	३,२६४,५३५
स्थगन कर दायित्व	-	-	-	-	-	-	-
बीमा अन्तर्गत भुक्तानी दिनुपर्ने	८३,८९७	३०,३५८	५६,८७५	१३७,३६७	१०९,८५९	१२०,८४५	१३२,९३०
चालु कर दायित्व	-	-	-	-	-	-	-
कर्जा तथा सापटी	-	-	-	-	-	-	-
अन्य वित्तीय दायित्व	६१,९५८	५७,२६०	४६७,७५५	२५६,८४७	८४,३३१	९२,७६४	१०२,०४१
अन्य दायित्व	२८१,७४४	३२६,३६०	६२,७९३	१५५,८०९	१४३,८६६	१७२,६३९	२०७,१६६
कुल दायित्व	**२,७५२,०४०**	**३,०२३,१९४**	**२,८५०,०२०**	**२,८२७,४७४**	**२,५०७,३५२**	**३,३७२,८००**	**४,३९२,४६४**
कुल दायित्व र शेयरधनी कोष	**५,३५७,५०६**	**५,८२५,११५**	**५,८३७,५७४**	**६,०९७,१८२**	**७,१८०,८८८**	**८,३४५,२४८**	**९,७३४,८६६**

नाफा नोक्सान हिसाब — रकम रु. (हजारमा)

विवरण	वास्तविक आ.व.२०७७/७८	वास्तविक आ.व.२०७८/७९	वास्तविक आ.व.२०७९/८०	अपरिष्कृत आ.व. २०८०/८१	प्रक्षेपित आ.व.२०८१/८२	प्रक्षेपित आ.व.२०८२/८३	प्रक्षेपित आ.व.२०८३/८४
आय							
कुल प्रिमियम	२,०५३,७८९	२,२०२,६५७	२,३२३,९९६	२,५८२,३०९	३,२६०,५९९	३,५६०,५९९	३,९४७,४६५
जोखिम हस्तान्तरण प्रिमियम	(१,३८८,८८५)	(१,५३३,७४५)	१,५८५,७५८	(१,८३०,२०२)	(२,२८२,४१९)	(२,४९२,४१९)	(२,७६३,२२५)
खुद प्रिमियम	**६६४,९०३**	**६६८,९१२**	**७३८,२३८**	**७५२,१०८**	**९७८,१८०**	**१,०६८,१८०**	**१,१८४,२३९**
कमिशन आमदानी	३३६,६३३	३४०,४०९	३५४,३४०	३२१,२२५	५१९,७२६	५६७,५२४	६२९,१८६
अन्य प्रत्यक्ष आमदानी	-	-	११,५५२	३०,१५७	-	-	-
लगानीबाट आमदानी	१९३,७८३	१९९,०५६	२११,४४८	२२४,४११	४००,७१९	५००,८९९	६०१,०७९
बजार मूल्यमा खुद प्राप्त नाफा/नोक्सान	-	-	-	-	-	-	-
खुद प्राप्त नाफा/नोक्सान	-	-	-	-	-	-	-
अन्य आमदानी	२८,९०७	३३,४५७	३४,२९१	४३,५१४	१७,३६३	२०,८३६	२५,००३
कुल आय	**१,२२४,२२६**	**१,२४१,८३४**	**१,३४९,८६९**	**१,३७१,४१५**	**१,९१५,९८८**	**२,१५७,४३८**	**२,४३९,५०७**
खर्च	-	-	-	-	-	-	-
कुल दावी रकम भुक्तानी	१,३१८,५७०	१,९३७,६१८	२,१९०,२५५	१,५१८,३९०	२,८७६,२२०	३,१३९,४०६	३,४८१,३१२
कुल दावी भुक्तानीमा पुनर्बीमाकको हिस्सा	(८६३,१२६)	(१,३५६,३५३)	(१,६४६,८२६)	(१,१८७,९०४)	(२,१५८,३३३)	(२,३६०,८५४)	(२,६१५,१८३)
बीमाको करार दायित्वमा परिवर्तन	४०४,०३६	१२६,६७०	(४४०,७५९)	(६,५१४)	-	-	-
पुनर्बीमकको हिस्साको करार दायित्वमा परिवर्तन	(३०१,०२६)	(१९५,८७५)	३६८,३६५	-	-	-	-
खुद लाभ तथा दावी भुक्तानी	**५५८,४५५**	**५१२,०६०**	**४७१,०३५**	**४०३,९७२**	**७१७,८८८**	**७७८,५५२**	**८६६,१२८**
कमिशन खर्च	६३,४१७	८५,२८२	८१,८९३	६७,५५७	१०७,५८९	११७,५००	१३०,२६६
अन्य प्रत्यक्ष खर्च	-	-	६,१८३	५,६४४	-	-	-
सेवा शुल्क	६,८७७	६,७०४	७,७८६	३,२५३	२४,७५०	२७,०००	३०,०००
कर्मचारी सेवा	२१९,५८७	२६६,२२६	२८९,००८	२८७,२०९	२६४,२५४	२७७,४६७	२९१,३४०
ह्रासकट्टी र परिशोधन खर्च	५,६५३	९,१००	४८,६६९	१०,२५५	५,६५१	४,५२१	३,६१६
इमपरिमेन्ट खर्च	२३,५९४	(४२,२०१)	२७,६७४	१५,९३१	-	-	-
अन्य खर्च	९६,४४९	११३,२६८	९९,३६४	१६८,२५५	१९१,८४१	२११,०२५	२३२,१२८
वित्तीय लागत	-	-	८,७५२	-	-	-	-
कुल खर्च	**९७४,०३२**	**९५०,४३९**	**१,०४०,३७४**	**९६२,०७६**	**१,३११,९७३**	**१,४१६,०६४**	**१,५५३,४७९**
खुद नाफा हानि नेट शेयर अघि वषको लागि	**२५०,१९५**	**२९१,३९६**	**३०९,४९५**	**४०९,३३९**	**६०४,०१५**	**७४१,३७४**	**८८६,०२८**
एसोसिएट्सको नाफा इक्विटीको उपयोगको लागि लेखा विधि र कर							
एसोसिएट्सको खुद नाफाको शेयर प्रयोग गरी लेखा इक्विटी विधि	-	-	-	-	-	-	-
कर अघिको नाफा	**२५०,१९५**	**२९१,३९६**	**३०९,४९५**	**४०९,३३९**	**६०४,०१५**	**७४१,३७४**	**८८६,०२८**
आयकरको लागि व्यवस्था				-	-	-	-
कर खर्च/(आमदानी)	९०,३०४	७९,५९०	१०१,४००	१५५,९४३	१८१,२०५	२२२,४१२	२६५,८०८
खुद नाफा यस वर्षको	**१५९,८९१**	**२११,८०६**	**२०८,०९५**	**२५३,३९६**	**४२२,८११**	**५१८,९६२**	**६२०,२२०**

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ ।

नेटवोर्थ हिसाब — रकम रु. (हजारमा)

विवरण	वास्तविक २०७७/७८	वास्तविक २०७८/७९	वास्तविक २०७९/८०	अपरिष्कृत असार मसान्त २०८१	प्रक्षेपित २०८१/८२	प्रक्षेपित २०८२/८३	प्रक्षेपित २०८३/८४
शेयर पूँजी हजारमा	१,०९६,३७६	१,३२६,६१४	१,४५९,२७६	१,५३९,५३६	२,५०२,६५८	२,५०२,६५८	२,५०२,६५८
शेयर पूँजी बापत अग्रिम भुक्तानी			-	-	-	-	-
शेयर प्रिमियम	४६,७६२	४६,७६२	-	-	-	-	-
बीमा कोष	१,०२५,०३१	१,१४९,६२३	१,२४३,६६७	१,३७०,३६५	१,६५०,७२०	१,९१०,२००	२,२२०,३१०
महाविपत्ति जगेडा	५१,२३९	६२,५०९	७१,८३३	८४,५०३	११२,६१९	१३८,५६७	१६७,३४०
सञ्चित मुनाफा	२५६,१९४	११३,७९१	१००,५७५	१२७,८१३	३००,६९०	३०८,९८३	३३३,८५२
अन्य जगेडा	१२९,८६५	१०२,६२२	११२,२०३	१४७,४९२	१०६,८५०	११२,०३९	११८,२४२
नेटवर्थ	२,६०५,४६६	२,८०१,९२१	२,९८७,५५४	३,२६९,७०९	४,६७३,५३६	४,९७२,४४८	५,३४२,४०२
घटाउने : स्थगन खर्च	३०,८२३	३८,७९८	७९,३३२	८३,३२८	-	-	-
कुल नेटवर्थ	२,५७४,६४३	२,७६३,१२२	२,९०८,२२२	३,१८६,३८१	४,६७३,५३६	४,९७२,४४८	५,३४२,४०२
शेयर संख्या	१०,९६४	१३,२६६	१४,५९३	१५,३९५	२५,०२७	२५,०२७	२५,०२७
प्रति शेयर नेटवर्थ (रु)	२३४.८३	२०८.२८	१९९.२९	२०६.९७	१८६.७४	१९८.६९	२१३.४७
प्रति शेयर आम्दानी	१४.६६	१५.९७	१४.२६	१६.४६	१६.८९	२०.७४	२४.७८
नेटवर्थमा औषत प्रतिफल (%)	६.२१%	७.६७%	७.१६%	७.९५%	९.०५%	१०.४४%	११.६१%

#यस आर्थिक तथा वित्तीय प्रक्षेपण/विश्लेषण कम्पनी आफैले तयार पारेको हो र यी बिवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको उद्घोषणा रहेको छ ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	२०८०/८१	२०८१/८२	२०८२/८३
	२०७७/७८	२०७८/७९	२०७९/८०
कुल प्रिमियम सङ्कलन	३,३००,०००,०००	३,६००,०००,०००	४,०००,०००,०००
कुल कमाई प्रिमियमा सङ्कलन वृद्धि (%)	११.५९%	९.२०%	१०.८७%
सेडिड अनुपात	७०.००%	७०.००%	७०.००%
आयोग आयर प्रिमियम हस्तान्तरण	२२.७७%	२२.७७%	२२.७७%
आयोग व्ययर कुल अर्जित प्रिमियम	३.३०%	३.३०%	३.३०%
औसत लगानी प्रतिफल (%)	९.४३%	९.८३%	९.८३%
कुल दावी भुक्तानीर कुल अर्जित प्रिमियम	८८.२१%	८८.१७%	८८.१९%
च्रू हस्तान्तरणर कुल दावी भुक्तानी	७५%	७५%	७५%
अन्य सञ्चान खर्चमा वृद्धि (%)	१०%	१०%	१०%
कर्मचारी लाभ खर्चमा वृद्धि (%)	५%	५%	५%
अन्य सञ्चान खर्चर कुल अर्जित प्रिमियम	५.८८%	५.९३%	५.८८%
कर्मचारी लाभ खर्च र कुल अर्जित प्रिमियम	८.१०%	७.७९%	७.३८%
आयोग खर्च र कुल प्रिमियम प्राप्ती	३.२६%	३.२६%	३.२६%
प्रति शेयर आम्दानी (रु.)	१६.८९	२०.७४	२४.७८
नेटवोर्थ (रु.)	४,६७३,५३५,९५८	४,९७२,४४७,९९८	५,३४२,४०१,८२९
प्रति शेयर बुक ब्यालु (रु.)	१८६.७४	१९८.६९	२१३.४७
च्मतगल यल Equity (रु.)	९.३८%	१०.२५%	१०.२५%
प्रस्तावीक बोनस शेयर	०%	०%	०%
प्रस्तावीक नगद लाभांश	९.००%	१०.००%	१०.००%

वित्तीय प्रक्षेपणका प्रमूख आधारहरु :
- गत ३ वर्षको तथ्याङ्कको आधारमा सङ्कलन गरिएको कुल प्रिमियम व्यवसायको औसत वृद्धिको व्यवस्थापनको अनुमानका आधारमा अनुमान गरिएको हो ।
- विगत ३ वर्षको तथ्याङ्कका आधारमा व्यवस्थापनले आगामी वर्षका लागि प्रक्षेपण गरेको पुनर्बीमा व्यवस्थाका आधारमा सेडिङ अनुपात, पुनर्बीमा आयोगको आम्दानी र पुनर्बीमा आयोग खर्च अनुमान गरिएको छ ।
- कम्पनीको उपलब्ध लगानीयोग्य कोषको आधारमा गरिएको लगानी गणना गरिन्छ र वृद्धि विगत ३ वर्षको वास्तविक तथ्याङ्कको औसतको आधारमा गणना गरिन्छ ।
- विगत ३ वर्षको औसत प्रवृति र ब्याजदरको भावी अनुमानका आधारमा लगानीको प्रतिफल बढाइएको हो ।
- विगत ३ वर्षको प्रवृति र अनुभव विश्लेसनको औसतको आधारमा सकल दावी खर्च अनुमान गरिएको छ ।
- दावी रिकभरी आय विगत ३ वर्षको तथ्याङ्कको औसतमा आगामी वर्षको व्यवस्थापनले अनुमान गरेको पुनर्बीमा व्यवस्थाका आधार मा अनुमान गरिएको छ ।
- कम्पनीले प्रत्येक आर्थिक वर्षको बजेट र व्यवसायिक योजनाको आधारमा विगत ३ वर्षको औसत आधारमा सञ्चालन खर्च गणना गरेको हो ।
- विगत ३ वर्षको औसत तथ्याङ्कका आधारमा कम्पनीले प्रत्येक आर्थिक वर्षको बजेट र व्यवसायिक योजनाको आधारमा कर्मचारी भत्ता खर्च गणना गरेको हो ।
- प्रक्षेपित वित्तीय विवरण तयार गर्नका लागि Mark to Market Gain/Loss का साथै वास्तविक मूल्याङ्कनलाई विचार गरिएको छैन ।
- कम्पनीले प्रत्येक आर्थिक वर्षको लागि तयार गरेको व्यवसायिक योजनाको आधारमा नगद लाभांश दिने प्रक्षेपण गरेको हो ।

१५) संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरुः
क) भविष्यमा नयां बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।
ख) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ग) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
घ) नेपाल सरकार तथा बीमा ऐनको नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
ङ) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु ।
च) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
छ) बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा प्राप्त हुने व्याजदरमा हुने परिवर्तन ।
ज) प्राकृतिक प्रकोप जस्तै भुकम्प बाढी पहिरो लगायतले निम्त्याउने महाविपत्ति जोखिम ।
झ) अप्रत्यासित र असामान्य बीमा दावीमा बृद्धि हुन गएमा कम्पनीको कारोवार र मुनाफामा पर्ने आर्थिक जोखिमहरु ।
धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएका शेयर मुल्यले सुचीकरण पश्चात धितोपत्र बिनिमय बजारमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मुल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१६) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :
क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पुर्व वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताव वन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयरधनी नम्बर,हितग्राही खाता नं. तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
ख) प्रत्येक शेयरधनीले हकप्रद शेयरका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, डिम्याट खाता नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफुले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ । डिम्याट खाता नम्बर उल्लेख गरेका शेयर धनीहरुलाई हकप्रद शेयर अभौतिक रुपमा डिम्याट खातामा नै जम्मा गरिनेछ ।
ग) आवेदकको पुरा नाम(नेपाली तथा अङ्ग्रेजी दुवैमा ।
घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या बापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रमा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।
ङ) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
च) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समुहको शेयरको अनुपातमा सञ्चालक समितिले निर्णय गरे बमोजिम बाँडफाँड गरिनेछ ।
छ) यस हकप्रद निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैन ।
ज) यस हकप्रद निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्रही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाडँ भई कायम बाँडफाडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।
ञ) आवेदन दिदाँ एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फाराम भर्नपर्ने ।

१७) यस कम्पनीको विगत तीन आर्थिक वर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरणः

१. पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मुल्य (रु)	न्यूनतम शेयर मुल्य (रु)	अन्तिम बजार मुल्य (रु)	शेयर कारोबार संख्या
०७८/०७९	१,१९६.००	४२३.००	४७८.००	२,४०९,५७८.००
०७९/०८०	९४०.००	४३८.००	८४०.००	३,२८९,७८९.००
०८०/०८१	९३०.००	६६१.५०	७९४.९०	२,४१५,२८३.००

२. पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यको साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :

महिना	अधिकतम शेयर मुल्य (रु)	न्यूनतम शेयर मुल्य (रु)	अन्तिम बजार मुल्य (रु)	शेयर कारोबार संख्या
साउन २०८१	१,१२२.००	७९२.००	१,१०९.१०	१,४०६,४९४.००
भदौ २०८१	१,३५२.००	१,०३१.००	१,२४०.००	२,३८९,४८७.००
असोज २०८१	१,३८२.००	१,२२३.००	१,३००.००	१,६१३,६४९.००

नोट : कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लि.ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

१८) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :
कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भए पश्चात "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" ले निर्धारित गरेको समय भित्र शेयरहरुको बाँडफाँट गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । निष्काशन गरिएको हकप्रद शेयर पूर्ण रुपमा बिक्री नभएमा, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा रहेको तल उल्लेखित व्यवस्था अनुरुप बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गरिने छ ।

१९) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आह्वान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड पश्चात् नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मा सूचीकरण गराई खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

२०) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः
१) साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची ११को ढाँचामा गरी सम्बन्धित शेयरधनीहरुले कम्पनीको शेयर रजिष्ट्रार आरबिवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाडौमा गएर दस्तखत प्रमाणित गरी बिक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौमा हक हस्तान्तरणको फारम बुझाउन निम्न व्यवस्थाहरुको पालना गर्नुपर्नेछ ।
क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको ,
ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४)बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,
ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,
घ) संगठित संस्थाको प्रबन्धपत्र, नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनो नयन गरिएको ,
ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।
२) मनोनयन गर्दा एक व्यक्ति लाई मात्र मनोनयन गर्नु पर्नेछ ।
३) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने ।
४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।
५) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण अनसार सक्नेछ ।

२१) निष्काशन बैंक (Banker to the Issue) को नाम तथा ठेगानाः
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा लक्ष्मी बैंक लिमिटेड, हात्तिसारलाई तोकिएको छ । यस बैंकको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मितिभन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

सि.नं.	बैंकको नाम, ठेगाना	खाता नं.
१.	लक्ष्मी सन्राइज बैंक लिमिटेड, लाजिम्पाट	३०२१३४९०१३०३४००१

२२) हकप्रद शेयर बिक्री खुल्ला अवधि :
हकप्रद शेयर निष्काशन गर्दा हकप्रद शेयरका लागि आवेदन लिने कार्य कम्तीमा एक्काइस दिनका लागि खुल्ला राखिनेछ । उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिइनेछ ।

२३) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौ ।
२.	श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड, पानीपोखरी, लाजिम्पाट, काठमाण्डौ **रजिष्टर्ड (केन्द्रिय) कार्यालय** तथा **क्षेत्रिय कार्यालयहरुः १.** बलभद्र मार्ग-१, मोरंग, **२.** पाटनढोका, ललितपुर, **३.**नारायणपथ, रुपन्देही, **४.** विरगंज, घण्टाघर, पर्सा, **५.**सभागृह चोक, कास्की, **६.** नेपालगंज,बाँके
३.	लक्ष्मी सन्राइज बैंक लिमिटेडका शाखाहरु काठमाडौं उपत्यका बाहिर, चितवनको नारायणगढ, ,कैलालीको धनगढी, धनुषाको जनकपुर, सुनसरीको इटहरी , झापाको दमक, सुनसरीको धरान, दाङ्गको घोराही, काभ्रेपलाञ्चोकको बनेपा, मकवानपुरको हेटौडा
४.	सि–आस्वा (CASBA)सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु

- हकप्रद शेयर निष्काशनको क्रममा शेयरधनीको संख्या र ठेगानालाई आधारमानी शेयरधनीहरुको पहुँच हुने गरी पर्याप्त मात्रामा संकलन केन्द्र तोकिनेछ । साथै दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.nlg.com.np र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटल लि.को वेभसाइट www.lscapital.com.np बाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । साथै शेयरधनीहरुले आफ्नो हकसम्बन्धी विवरण निष्काशनकर्ता कम्पनीको वेभसाइट www.nlg.com.np र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटल लि.को वेभसाइट www.lscapital.com.np मा हेर्न सक्ने व्यवस्था गरिने छ ।
- धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्नेछन् र लगानीकर्ताहरुलाई सुचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ ।
- बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy)बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छौं ।

२४) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :
यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटल लि. कमलपोखरी, काठमाडौं, फोन नं. ०१-५९७००६४ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

L S CAPITAL
लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड
A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank.
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त
(लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सन्राइज क्यापिटल लिमिटेड एक आपसमा गाभिएका)

नयाँ बानेश्वर, काठमाडौं
फोनः ५९७००६४
Email : info@lscapital.com.np,
Website : www.lscapital.com.np